# अर्थतन्त्र पुनरुत्थानका लागि नीतिगत सुझावपत्र

गोरखापत्र डिस्कोर्स

२०८२

## गोरखापत्र एकेडेमी
## गोरखापत्र संस्थान

## १. पृष्ठभूमि र वर्तमान चुनौती

नेपालमा २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले सुशासन, रोजगारी र डिजिटल स्वतन्त्रताका मुद्दालाई सतहमा ल्याएको छ। यस आन्दोलनका क्रममा भएको कुल भौतिक क्षतिको मूल्य ८४ अर्ब ४५ करोड ७७ लाख रुपियाँ रहेको छ, जुन देशको कुल गार्हस्थ उत्पादनको १.३८ प्रतिशत हो। यसमध्ये ५३ प्रतिशत सरकारी, ४० प्रतिशत निजी क्षेत्र र ७ प्रतिशत सामुदायिक र अन्य क्षेत्रको सम्पत्ति क्षति भएको छ।

सो अवस्थापछि समग्र अर्थतन्त्र शिथिल मात्र भएको छैन निजी क्षेत्रको मनोबल कमजोर बन्न पुगेको छ। यसबाट उठ्नका लागि उत्थानशील पहल आवश्यक छ। त्यसका लागि पुँजी परिचालन महत्त्वपूर्ण हुन्छ। तर बैङ्किङ प्रणालीमा तरलता भए पनि लगानी नबढेको र स्मार्ट पूर्वाधारको अभाव खड्किएको देखिन्छ। यी समस्या निराकरणका लागि सार्वजनिक र निजी क्षेत्रबिच संवाद र सहकार्यको आवश्यकता छ।

## २. नीतिगत बहस : गोरखापत्र डिस्कोर्स

यसै सन्दर्भमा गोरखापत्र संस्थानले २०८२ पुस ३ गते आयोजना गोरखापत्र डिस्कोर्स अन रिकभरी एन्ड रेजिलियन्स शीर्षकमा गरेको ऐतिहास गोरखापत्र डिस्कोर्समार्फत प्राप्त सुझावलाई एकीकृत गरी यो नीतिपत्र तयार गरिएको छ। नीतिपत्रमा नयाँ सरकारले आवधिक रूपमा गर्न सक्ने काम र सुधारका उपाय पनि समेटिएको छ। ती कार्यलाई नयाँ सरकारले आफ्ना नीति तथा कार्ययोजनामा समावेश गर्नु उपयुक्त हुने ठानिएको छ।

### खण्ड १ : नीतिगत स्थिरता र कानुनी सुधार (सुशासनको आधार)

**लगानीकर्ता र नागरिकमा 'राज्य छ' भन्ने विश्वास दिलाउन कानुनी अवरोध हटाउनु पर्छ। जसका लागि निम्न कार्य प्रभावकारी हुन सक्छन् :**

- विकास दशक (२०८२–२०९२) घोषणा : सरकारले आगामी दस वर्षलाई 'आर्थिक क्रान्ति र विकास दशक' घोषणा गरी राष्ट्रिय सहमतिको आर्थिक एजेन्डा तय गर्नु पर्छ। सरकार परिवर्तन भए पनि विकासका परियोजना र वैदेशिक लगानीका सर्त परिवर्तन नहुने कानुनी सुनिश्चितता गरिनु पर्छ।
- सार्वजनिक खरिद ऐनमा आमूल परिवर्तन : वर्तमान 'सेटिङ' र 'लो–बिडिङ' (न्यूनतम कबोल) को संस्कृति अन्त्य गर्न खरिद ऐन संशोधन गरिनु पर्छ। गुणस्तरका आधारमा ठेक्का दिने र काम नगर्ने ठेकेदारलाई तत्काल कालोसूचीमा राखी कडा कारबाही गर्ने संयन्त्र बनाउनु पर्छ।
- भ्रष्टाचारविरुद्ध 'डिजिटल स्ट्राइक' : सरकारी कार्यालयमा हुने ढिलासुस्ती र भ्रष्टाचार रोक्न 'फेसलेस' (कर्मचारीलाई भेट्नु नपर्ने) सेवा लागु गर्नु पर्छ। मालपोत, यातायात, वैदेशिक रोजगार कार्यालय र राहदानी विभाग जस्ता बढी भिड हुने ठाउँलाई पूर्ण डिजिटल बनाउनु पर्छ।
- नीतिगत पुनरवलोकन आयोग : पुराना र असान्दर्भिक भइसकेका करिब दुई दर्जन ऐनलाई खारेज वा परिमार्जन गरी 'लगानीमैत्री वातावरण' बनाउन एक उच्चस्तरीय कार्यदल गठन गर्नु पर्छ।

### खण्ड २ : स्मार्ट पूर्वाधार र दिगो विकास (भौतिक रूपान्तरण)

**जेनजी आन्दोलनपछिको भौतिक क्षतिको पुनर्निर्माण गर्दा पुरानै शैलीमा नभई 'स्मार्ट' तरिकाले गर्नु पर्छ। निर्माणको गुणस्तर सुनिश्चितता र ढिलासुस्तीको प्रवृत्तिप्रति सरकारले तत्काल कारबाहीको प्रक्रिया अघि बढाउनु पर्छ।**

- जलवायु उत्थानशील निर्माण : अब बन्ने सडक र पुलहरू 'क्लाइमेट रेजिलेन्ट' हुनु पर्छ। कम्तीमा एक सय वर्षको बाढी र पहिरोको जोखिमलाई ध्यानमा राखेर मात्र इन्जिनियरिङ डिजाइन स्वीकृत गर्ने नीति लिनु पर्छ।
- एकीकृत पूर्वाधार प्राधिकरण : सडक खन्ने बित्तिकै खानेपानीले पाइप गाड्ने र त्यसपछि बिजुलीले पोल गाड्ने प्रवृत्तिको अन्त्य गर्न 'एकीकृत पूर्वाधार प्राधिकरण' बनाउनु पर्छ। सबै निकायको समन्वय एउटै कमान्डबाट हुनु पर्छ।
- ठुला तथा राष्ट्रिय गौरवका आयोजनाको 'फास्ट ट्र्याक' अनुगमन : निर्माणाधीन ठुला आयोजनाहरूको प्रधानमन्त्री कार्यालयबाटै चौबिसै घण्टा डिजिटल अनुगमन गर्ने र काममा अवरोध गर्नेलाई तत्काल हटाउने कडा नीति चाहिन्छ।
- स्मार्ट सिटी र सहरी सौन्दर्यीकरण : काठमाडौँ उपत्यकासहित प्रमुख सहरहरूमा बिजुलीका तार भूमिगत गर्ने, साइकल लेन बनाउने र सार्वजनिक यातायातलाई विद्युतीय रूपान्तरण गर्न विशेष सहुलियत दिनु पर्छ।

### खण्ड ३ : आर्थिक पुनरुत्थान र युवा स्वरोजगार (युवा पुस्ताका लागि)

जेनजी पुस्ताको असन्तोषलाई सम्बोधन गर्न सरकारले आर्थिक अवसरहरू सिर्जना गर्नु पर्छ, जसमा पहुँच भएकालाई नभई क्षमतावान्लाई मात्र छनोट गर्नु पर्छ।

२०२०

- स्टार्टअप र नवीन पुँजी : युवा उद्यमीका लागि बिनाधितो न्यून ब्याजदरमा कर्जा दिने 'राष्ट्रिय स्टार्टअप कोष' लाई प्रभावकारी बनाउनु पर्छ। आइडिया भएका तर पुँजी नभएका युवालाई सरकारले नै 'ग्यारेन्टर' बसेर ऋण दिलाउनु पर्छ।
- श्रम बजारमा 'जेनजी डेस्क' : श्रम मन्त्रालय अन्तर्गत युवाको गुनासो सुन्ने र उनीहरूलाई स्वदेशमै काम खोज्न सघाउने विशेष डेस्क स्थापना गर्नु पर्छ। विदेश जान चाहनेलाई भन्दा स्वदेशमै बस्नेलाई बढी प्राथमिकता र सम्मान दिने कार्यक्रम ल्याउनु पर्छ।
- आयात प्रतिस्थापन र स्वदेशी उत्पादन : कृषि र लघु उद्यममा आधारित उत्पादनलाई सरकारी कार्यालयमा अनिवार्य प्रयोग गर्ने (जस्तै : खादाको सट्टा स्वदेशी फूल, विदेशी उपहारको सट्टा नेपाली हस्तकला) नीति कडाइका साथ लागु गर्नु पर्छ।
- पर्यटनमा नयाँ फड्को : नेपाललाई 'साहसिक र सांस्कृतिक पर्यटन' को हब बनाउन अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण क्षमतामा सञ्चालन र प्रमुख पर्यटकीय गन्तव्यसम्म पुग्ने सडकलाई यात्रीमैत्री बनाउनु पर्छ।

### खण्ड ४ : सामाजिक सुरक्षा र सार्वजनिक सेवा (नागरिकको हित)

सरकार जनताको अभिभावक बन्नका लागि शिक्षा र स्वास्थ्यमा ठोस सुधार आवश्यक छ। गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा वञ्चितहरूको पहुँच पहिलो प्राथमिकतामा हुनु पर्छ।

- स्वास्थ्य सेवामा सहज पहुँच : सरकारी अस्पतालहरूमा बिहानैदेखि लाग्ने लाइन हटाउन 'अनलाइन टिकेटिङ' र 'डिजिटल हेल्थ रेकर्ड' अनिवार्य गर्नु पर्छ। विपन्न नागरिकलाई जटिल रोगको उपचार निःशुल्क र सहज बनाउनु पर्छ।
- शिक्षा र सिपको तालमेल : बेरोजगार उत्पादन गर्ने हालको शिक्षा प्रणालीमा सुधार गरी विद्यालय तहदेखि नै 'प्राविधिक र व्यावसायिक' सिप सिकाउनु पर्छ। 'पढ्दै कमाउँदै' कार्यक्रमलाई देशैभर विस्तार गर्नु पर्छ।
- सामाजिक सुरक्षा कोषको विस्तार : अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुर, सञ्चारकर्मी र स्वरोजगार व्यक्तिहरूलाई अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गराई उनीहरूको भविष्य सुनिश्चित गर्नु पर्छ।

## ३. आवधिक योजना

उल्लेखित सुधारको सुरुवातका लागि सरकारले निम्न तरिकाले समय अवधि तोकेर सुधारका काम सुरु गर्न सक्छ।

१. **प्रथम ३० दिन** : बाधक देखिएका ऐनहरूको पहिचान र संशोधन प्रक्रियाको थालनी।

२. **प्रथम ६० दिन** : रोकिएका ठेक्काहरूको पुनरवलोकन र काम नगर्नेलाई कारबाही।

३. **प्रथम १०० दिन** : जनताले महसुस गर्ने गरी कम्तीमा पाँच वटा मुख्य सरकारी सेवा पूर्ण डिजिटल बनाउने।

## ४. निष्कर्ष

नयाँ सरकारका लागि पुनरुत्थानको यो नीतिगत सुझावपत्र सुधारका लागि सहजीकरण गर्ने दस्तावेज हो। विगतका गल्तीबाट सिक्दै प्रविधि, युवा ऊर्जा र राष्ट्रिय पुँजीलाई एकीकृत गर्न सकेमा ८४ अर्बको क्षतिलाई पूरण गर्दै समृद्धि हासिल गर्न असम्भव छैन। गोरखापत्र एकेडेमी यो मार्गचित्र कार्यान्वयनमा सरकारलाई आवश्यक बौद्धिक र सञ्चार सहयोग गर्न प्रतिबद्ध छ। यस डिस्कोर्सको पूर्ण प्रतिवेदन बेग्लै रहेको छ।

२०२०

२०८२।१२।१२

**गोरखापत्र एकेडेमी**
**गोरखापत्र संस्थान**
धर्मपथ, काठमाडौँ, नेपाल,
**फोन** : ०१५३४४४२८ **पोस्ट बक्स** : २३
**इमेल** : gorkhapatra.academy@gmail.com,
**वेबसाइट** : https://gorkhapatra.org.np